# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर-आई.एफ.सी. उपाध्यक्ष भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग विश्व बैंक समूहको संस्था अन्तर्राष्ट्रिय वित्त निगमको एशिया प्रशान्त उपाध्यक्ष Ms. Karin M. Finkelston को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले बैंकको केन्द्रीय कार्यालयमा आज साउन ३० गते भेट तथा छलफल गऱ्यो ।



भेटमा उपाध्यक्ष Finkelston ले IFC ले निजी क्षेत्रको सहकार्यमा नेपालमा आफ्नो लगानी केन्द्रित गर्ने धारणा व्यक्त गर्दै IFC द्वारा पछिल्ला दिनहरुमा नेपालको जलविद्युत् क्षेत्रमा लगानी बढाउन चाहेको, यसका लागि जलविद्युत् खरिद सम्झौता, विदेशी मुद्रा विनिमय दर जोखिम, नेपाल विद्युत् प्राधिकरणको कार्यगत विशिष्टीकरण, स्वदेशी मुद्रामा ऋणपत्र जारी गर्ने लगायतका विषयमा आफ्ना धारणा राख्नुभयो ।

सो क्रममा गभर्नर डा. खतिवडाले प्रतिनिधिमण्डललाई स्वागत गर्दै नेपालले पूर्वाधार क्षेत्रको विकासका लागि लगानीका क्षेत्रको पहिचान गर्ने र त्यस्ता क्षेत्रहरुमा विदेशी लगानी भित्र्याउनका लागि आवश्यक संयन्त्रको विकास गर्ने क्रममा लगानी बोर्ड सम्बन्धी कानून र बोर्डको गठन गरी कामहरु अघि बढाएको जानकारी गराउनु भयो । मुलुकको आर्थिक विकासको लागि अनिवार्य रहेको ऊर्जाको अभावमा अन्य क्षेत्रको विकास अघि बढ्न नसक्ने अवस्थामा जलविद्युत क्षेत्र लगानीको प्रस्थान बिन्दु हुने,

लगानीको ढाँचा सार्वजनिक-निजी-साझेदारी पद्धति उपयुक्त हुन सक्ने, परियोजनामा लगानी गर्दा जोखिम अर्कालाई पन्छाउने प्रवृत्तिबाट सबै पक्षहरु मुक्त भई जोखिमलाई भाग लगाउनु पर्ने जस्ता कुराहरुमा उहाँले प्रतिनिधिमण्डलको ध्यानाकर्षण गराउनु भएको थियो ।

नेपालको जलविद्युत् क्षेत्रमा लगानी अभिवृद्धि गर्न शेयर पूँजीको अभाव अवरोधका रूपमा रहेको स्थितितर्फ इङ्गित गर्दै गभर्नर डा. खतिवडाले यसको समाधानका लागि IFC जस्ता विदेशी लगानीकर्ताले संयुक्त लगानीका लागि शेयरपूँजीमा लगानी गर्ने, नेपाली सर्वसाधारणलाई उल्लेख्य शेयर सहभागिता गराउन सकेको खण्डमा शेयर पूँजी लगानीका लागि बाधक नहुने र ऋण पूँजीका लागि भने अन्य विदेशी वित्तीय संस्थाबाट लगानी भित्र्याउने एवं स्वदेशी मुद्रामा ऋणपत्र जारी गरी थप पूँजी जुटाएर परियोजना निर्माण गर्न आग्रह समेत गर्नु भयो ।

त्यसैगरी उहाँले जलविद्युत् पछि लगानीको अन्य प्रमुख क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनका लागि ठूला होटलहरुको निर्माण, कृषि व्यवसायजन्य ठूला उद्योगहरु सम्भाव्य क्षेत्र रहेको विचार व्यक्त गर्नु भयो ।

नेपालमा विदेशी लगानीलाई लगानी मैत्री बनाउन विदेशी विनिमय र बैंकिंग क्षेत्रको नीतिगत विषयमा उल्लेख्य सुधार गरिएको स्मरण गराउनु भएको थियो । नेपालको वित्तीय क्षेत्र सुधार र विकास प्रयासमा विश्व बैंक एवं अन्तर्राष्ट्रिय वित्त निगमको सहकार्यको सराहना गर्नु हुँदै उहाँले वित्तीय पहुँच अभिवृद्धि, वित्तीय समावेशीकरण, साना तथा मझौला उद्यमको विकास र वित्तीय क्षेत्र मूल्याङ्कन कार्यक्रमका लागि विश्व बैंक लगायत यसका सहयोगी संस्थाहरुबाट आवश्यक आर्थिक प्राविधिक सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्नु भएको थियो ।

२०७० साउन ३० गते, बुधवार

गभर्नरको कार्यालय